कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
उच्च मूल्य कृषिवस्तु उत्थानशील कार्यक्रम (R-HVAP)
# करिडोर कार्यालय, जाजरकोट

प.सं. २०८३/०८४
च.न.

प्रथम पटक प्रकाशित मिति: २०८३/०४/१९

## सह-लगानीमा उच्च मूल्य कृषिवस्तु उत्पादन प्रवर्द्धन कार्यक्रमको लागि आशय निवेदन पेश गर्ने सम्बन्धी सूचना

**सूचना नं: १**

नेपाल सरकार र कृषि विकासको लागि अन्तराष्ट्रिय विकास कोष (IFAD) को सम्झौता बमोजिम सञ्चालित यस उच्च मूल्य कृषिवस्तु उत्थानशील कार्यक्रम (R-HVAP),करिडोर कार्यालय, जाजरकोट (CO) को R-HVAP कार्यक्रम लागु भएका तपसिलको स्थानीय तहमा आर्थिक वर्ष २०८३/०८४ को **बजारमुखी पर्यावरणीय उच्च मूल्य कृषिवस्तु (Agro-ecological high value commodity) उत्पादन र साना कृषि सिँचाई पूर्वाधार (small scale irrigation)** कार्यक्रममा सहभागी हुन चाहने कृषिसँग सम्बन्धित इच्छुक कृषक समूह/सहकारी/समितिलाई यस करिडोर कार्यालय (CO),खलङ्गा जाजरकोट वा कार्यालयको https://rhvapjajarkot.karnali.gov.np/ को **अनुदान व्यवस्थापन सफ्टवेयर (SMS)** मार्फत **अनुसूचि-१.१** अनुसारको निवेदन पेश गर्नु हुन अनुरोध छ।

**तपसिल:**

| क्र.स. | जिल्ला | स्थानीय तहको नाम | सह-लगानीमा सञ्चालन हुने उच्च मूल्यकृषि वस्तुहरु | कै |
|---|---|---|---|---|
| १ | जाजरकोट | जुनिचाँदे गाउँपालिका | ❖ कृषि वन प्रणालीमा फलफूल बाली (सुन्तलाजात/ओखर),<br>❖ मसला बाली (अदुवा/बेसार/अलैची आदि),<br>❖ मौरीपालन,<br>❖ पशुपालन (गाई/भैसी/भेडाबाखा/स्थानीय कुखुरा),<br>❖ तरकारी बाली | |
| २ | | शिवालय गाउँपालिका | | |
| ३ | | नलगाड नगरपालिका | | |
| ४ | रुकुम (पश्चिम भाग) | आठविसकोट नगरपालिका | ❖ कृषि वन प्रणालीमा फलफूल बाली (सुन्तलाजात/ओखर/स्याउ),<br>❖ मसला बाली (अदुवा/बेसार/अलैची आदि),<br>❖ मौरीपालन,<br>❖ पशुपालन (गाई/भैसी/भेडाबाखा/स्थानीय कुखुरा)<br>❖ तरकारी बाली, | |
| ५ | | बाँफिकोट गाउँपालिका | ❖ कृषि वन प्रणालीमा फलफूल बाली (सुन्तलाजात/ओखर),<br>❖ मसला बाली (अदुवा/बेसार/अलैची आदि),<br>❖ मौरीपालन,<br>❖ पशुपालन (गाई/भैसी/भेडाबाखा/स्थानीय कुखुरा<br>❖ तरकारी बाली | |
| ६ | | सानीभेरी गाउपालिका | | |
| ७ | सल्यान | दार्मा गाउँपालिका | ❖ कृषि वन प्रणालीमा फलफूल बाली (सुन्तलाजात/किवी/ओखर), | |
| ८ | | बागचौर नगरपालिका | | |



याम बहादुर राना
कार्यालय प्रमुख

कर्णाली प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

उच्च मूल्य कृषिवस्तु उत्थानशील कार्यक्रम (R-HVAP)

# करिडोर कार्यालय, जाजरकोट

प.सं. २०८३/०८४

च.न.

| | | | | |
|---|---|---|---|---|
| ९ | | सिद्ध कुमाख गाउँपालिका | ❖ मसला बाली (अदुवा/बेसार/अलैंची आदि),<br>❖ मौरीपालन,<br>❖ पशुपालन (गाई/भैसी/भेडाबाख्रा/स्थानीय कुखुरा<br>❖ तरकारी बाली | |
| १० | | छत्रेश्वरी गाउँपालिका | | |
| ११ | | कालिमाटी गाउँपालिका | | |
| १२ | | बनगाड कुपिण्डे नगरपालिका | | |

नोटः पर्यावरणीय कृषिको लागि आवश्यक रैथाने बाली, मिश्रित बाली, अन्तरबाली, माटोको उर्वराशक्ति बढाउने बालीहरु, फलफूलको हकमा फिलर बिरुवा र कभर बिरुवा, मौरी लगायत परागसेचकहरु, वानस्पतिक विषादीजन्य बिरुवा, औषधिय तथा सुगन्धित वनस्पती (टिमुर ,रिठ्ठा, दालचिनी), पर्यावरणमैत्री फलफूल बाली, बायोफेन्सिंग बिरुवाको कार्यक्रम क्रियाकलाप सञ्चालनको लागि पनि प्रस्ताव गर्न सकिनेछ। थप जानकारीको लागि यस कार्यालयको सम्पर्क नम्बर ०८९-५९४९०० वा सूचना अधिकारीको नं. ९८५८०६७३५७ मा सम्पर्क गर्न सक्नुहुनेछ ।

## क) निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजात

१. कृषक समूह/सहकारी/समितिको दर्ता प्रमाणपत्रको प्रतिलिपि तथा समितिको निर्णयको प्रतिलिपि।

२. प्रस्तावित कार्यक्रम/क्रियाकलाप सञ्चालन गर्न इच्छुक भएको तथा वित्तीय तथा व्यवसायिक साक्षरता (FEBL) कक्षा सञ्चालन आवश्यक रहेको सम्बन्धमा समूह/सहकारीको समितिबाट गरिएको निर्णयको प्रतिलिपि।

## ख) निवेदन पेश गर्दा समूह/सहकारीले ध्यान दिनुपर्ने कुराहरू

१. सम्पूर्ण निवेदनहरू SMS अनलाइन प्रणाली मार्फत सङ्कलन गरिनेछ। निवेदन भर्न तथा सहजीकरणका लागि यस कार्यालयबाट सम्बन्धित पालिकामा खटिएका कृषि प्राविधिक तथा सामाजिक परिचालकसँग समन्वय गर्न सकिनेछ।

२. निवेदन पेश गर्न कुनै पनि प्रकारको राजस्व तिर्नु पर्ने छैन।

३. निवेदन वर्षभरि पेश गर्न सकिनेछ।

४. **एउटा समुदाय/टोल/क्लस्टर/गाउँ (Cluster/Village Based Approach) बाट कम्तीमा १०० घरधुरी (प्रति घरधुरी कम्तीमा औषत १.५ रोपनी तथा चार वटा कृषक समूह) ले एउटै प्रकारको कृषिजन्य वस्तु उत्पादन गर्ने पकेट क्षेत्र** हुनुपर्नेछ। सोभन्दा कम समूह/कृषक भएको अवस्थामा एकमुष्ट रूपमा कम्तीमा १०० घरधुरी बराबर तोकिएको क्षेत्रफल हुनुपर्नेछ। सहकारीको हकमा कम्तीमा ५ वटा कृषक समूह (१२५ घरधुरी तथा प्रति घरधुरी कम्तीमा औषत १.५ रोपनी) समेटिएको व्यवसायिक योजनाको नेतृत्व गरेको हुनुपर्नेछ।

५. HVAP, ASDP तथा ASHA आयोजनाबाट लाभान्वित कृषि समूहले पनि निवेदन पेश गर्न सक्नेछन्। त्यस्ता समूहको विगत तथा हालको कार्यसम्पादन अवस्थाको प्राविधिक मूल्याङ्कनका आधारमा छनोट गर्न सकिनेछ।

६. एकीकृत कृषि खेती (कृषि, पशुपन्छी तथा बाली विविधता) भएको तथा विषादीको न्यून प्रयोग हुने गाउँ/क्षेत्रलाई प्राथमिकता दिइनेछ।

याम बहादुर राना
कार्यालय प्रमुख



Email: rhvapjajarkot2025@gmail.com, Phone: 089-594900

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
उच्च मूल्य कृषिवस्तु उत्थानशील कार्यक्रम (R-HVAP)
# करिडोर कार्यालय, जाजरकोट

प.सं. २०८३/०८४
च.न.

७. तरकारी खेतीको हकमा उत्पादन हुने सिजनमा सडक पहुँच भएको तथा उत्पादित वस्तुको बजारीकरण गर्न सकिने क्षेत्र हुनुपर्नेछ।

८. सम्बन्धित वडास्तरमा कृषक समुदाय केन्द्रित छलफल (FGD) तथा अगुवा कृषक/मुख्य सरोकारवालाको सर्वेक्षणबाट पहिचान भएका **प्राथमिकता बालीवस्तु** सहित कार्यपालिकास्तरीय निर्णय भएको वा स्थानीय तहको ५ वर्षे पर्यावरणीय कृषि योजना (Palika Agro ecological Plan/PAP) स्वीकृत भएपछि मात्र निवेदनहरूको **प्राविधिक मूल्याङ्कन** गरी छनोट गरिनेछ। आर्थिक, हावापानी तथा भौगोलिक (प्राविधिक) उपयुक्तताका आधारमा योग्य निवेदकलाई छनोट प्रक्रियामा समावेश गरिनेछ। ।अत्यधिक रासायनिक विषादी प्रयोग हुने गाउ/टोलमा कार्यक्रम सञ्चालन गरिनेछैन ।

९. निवेदन फारामको ढाँचा (**अनुसूची– १.१**) यस कार्यालयको वेबसाइट https://rhvapjajarkot.karnali.gov.np/ मा उपलब्ध रहेको छ। साथै सम्बन्धित स्थानीय तहहरूमा इमेलमार्फत समेत पठाइएको छ।

**ग) सह-लगानी सीमा**

१. बजारमुखी पर्यावरणीय कृषि उत्पादन कार्यक्रम अन्तर्गत कार्यालयको सह-लगानी कुल लागतको बढीमा ५० प्रतिशत हुनेछ।

२. कृषि सिँचाइ पूर्वाधार कार्यक्रम अन्तर्गत कार्यालयको सह-लगानी अधिकतम ८५ प्रतिशत हुनेछ। सूचनामा उल्लेखित कृषिजन्य वस्तु उत्पादन नहुने क्षेत्रमा सिँचाइ पूर्वाधार निर्माण गरिने छैन।

याम बहादुर राना
कार्यालय प्रमुख

"व्यावसायिक र सिर्जनशील प्रशासनः विकास समृद्धि र सुशासन"
Email: rhvapjajarkot2025@gmail.com, Phone: 089-594900